बैठक संख्या १०

आज मिति २०८२/१०/१५ गते बिहिवारका दिन यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको दशौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण बहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल बहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

अन्य उपस्थिति:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज पन्थी | प्रशासकीय अधिकृत | |
| २. | श्री रन्जन न्यौपाने | ईन्जिनियर | |
| ३. | श्री कृष्ण बहादुर थापा | ईन्जिनियर | |
| ४. | श्री बिक्रम बस्नेत | योजना शाखा प्रमुख | |
| ५. | श्री दान बहादुर हिस्की | सहायक कम्प्युटर अपरेटर | |
| ६. | श्री निलकण्ठ बस्याल | सहायक कम्प्युटर अपरेटर | |
| ७. | श्री लक्ष्मी पाण्डे | कार्यालय सहयोगी | लक्ष्मी |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को दशौं कार्यपालिकाको बैठकको

प्रस्तावहरु

१. अघिल्लो कार्यापालिका बैठकको समिक्षा ।
२. समपूरक तथा विशेष अनुदान सम्बन्धी योजना छनौट सम्बन्धमा ।
३. नदिजन्य सामग्री उपलब्ध गराउने सम्बन्धमा ।
४. आ.व. २०८२/०८३ अन्तर्गत विनियोजित योजनाहरुको छलफल सम्बन्धमा ।
५. विविध

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०९/१९ गते बसेको ९ औ कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

तपसिलः

क) विभिन्न विधयेकहरु तथा प्रतिवेदनहरु नगरसभा मार्फत पास गरिएको ।
ख) विभिन्न शीर्षकान्तर र रकमान्तर सम्बन्धी शीर्षकहरु नगर सभाबाट पास गरिएको ।
ग) माथि उल्लेखित लगायत विभिन्न निर्णयहरु माथि छलफल गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८३/८४ का लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम यस नगरपालिका अन्तर्गत देहायबमोजिमका आयोजना/कार्यक्रमहरु छनोट गरी पठाउने निर्णय गरियो ।

क) समपुरक अनुदान

१. कालीगण्डकी ट्रेकिङ तथा साइकलिङ कोरिडोर निर्माण रामपुर खण्ड (क्रमागत)
२. किसानबारी खेलमैदान निर्माण, रा.न.पा. ७

ख) विशेष अनुदान

१. रामपुर मातृ तथा शिशु स्याहार केन्द्र निर्माण (आमाघर)

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा Eco Builders- Pandey-Eco J.V को मिति २०८२/०९/१५ गतेको पत्रानुसार उक्त कम्पनीले यस जलस्रोत तथा सिचाँइ विकास डिभिजन कार्यालयसँग सम्झौता गरी निर्माण कार्य गरिरहेको खरिद नं. RPIP/WRIDDOPalpa/NCB-२०/०८१-८२(Construction of Main canal And Associated Structure Of Rampur Phant Irrigation Project, Rampur Municipality, Palpa) को मुख्य निर्माण कार्य सुचारु गर्न हेभी मेसिन प्रयोग गरी आवश्यक निर्माण सामग्रीहरु (५०० घ.मी) उपलब्ध गराइ सहयोग गरिदिनुहुन भनि लेखि आएकोले सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल गर्दा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. ३ मा रहेको लिप्सी मझुवा घाटबाट ५०० घ.मी . निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी ५ दिनका लागि उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

४ निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस आ.व. २०८२/०८३ अन्तर्गत विनियोजित गरिएका योजना तथा कार्यक्रमहरु सम्झौता माघ मसान्तभित्र सम्पन्न गर्ने गरी निर्णय गरियो ।

५ निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले यस रामपुर नगर कार्यपालिकाको एघारौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि यस कार्यालयका नगर प्रहरीको निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको मुलेवा घाट रा.न.पा-१०, भलायटार घाट रा.न.पा-२ र ३, अम्दाहघाट रा.न.पा-८ बाट उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।साथै यस अघि खुलाइएका घाट खयरबोट घाट, रा.न.पा-२ र बर्दिघाट, रा.न.पा-१० बाट उक्त कार्य नगर्ने निर्णय गरियो ।

६ निर्णय नं. ६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा The Delight Construction, Chapakot-10, Syangja को मिति २०८२/१०/१४ गतेको पत्रानुसार सिँचाइ तथा जलस्रोत विकास डिभिजन

कार्यालय र उक्त कम्पनी बिच सम्झौता भई Construction of canal and Associated structures of Karangdi khola(KKCIP/WRIDDOPalpa/SQ-03/082/83) कार्य गर्नका लागि १०० घ.मी. ढुङ्गा माग गरेकोमा सो सम्बन्धमा छलफल गर्दा नियमानुसार राजश्व तिर्ने गरी बैडी घाट, रा.न.पा-१० बाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा The Delight Construction, Chapakot-10, Syangja को मिति २०८२/१०/१४ गतेको पत्रानुसार सडक भौतिक पूर्वाधार विकास कार्यालय र उक्त कन्स्ट्रक्सन कम्पनी बिच Upgrading of Tallo sera to Bhaskare Hudai barahatar jodne Motor Bato Nirman Tallo Sera Rampur-8, Palpa/Sanobagaecha Nisardi Jho pu Samma Bato, Rampur 8 Palpa/Corridor Siddababadham, Barahatar Bha निर्माण गर्ने (01/RIDOPAL-082/083/17) योजना कार्यान्वयन गर्न सम्झौता भएकोमा उक्त कार्य गर्न मेसिन प्रयोग गरी ३५० घ.मी. बराबरको Material उपलब्ध गराउनका लागि माग भई आएकोमा सो सम्बन्धमा छलफल गर्दा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका वडा नं. ८ मा रहेको अहमदाघाट/तुरुन्दीघाटबाट ३५० घ.मी. निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

८ निर्णय नं. ८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिम्रन साहिल कन्स्ट्रक्सन प्रा.लि. ठिमी नगरपालिका-९, मध्यपुर थिमी, भक्तपुरको मिति २०८२/१०/१४ गतेको पत्रानुसार यस नगरपालिका र उक्त कम्पनी बिच Gejha स्वास्थ्य चौकी रा.न.पा-१० मा निर्माण गर्नका लागि सम्झौता गरिएकोमा उक्त क्षेत्र नजिक IEE गरेको घाटबाट १०० घ.मी. ढुङ्गा, गिट्टी, बालुवा उपलब्ध गराइदिनुहुन भनी लेखिएकोमा सो सम्बन्धमा छलफल गर्दा नियमानुसार राजश्व तिर्ने गरी बैडी घाट/मुलेवा घाट, रा.न.पा-१० बाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा पशुपति निर्माण सेवा, मोवाइल निर्माण सेवा. जे.भि., रामपुर ४ पाल्पाको मिति २०८२/१०/१४ गतेको पत्रानुसार सडक पूर्वाधार विकास कार्यालय पाल्पा र उक्त कम्पनी बिच सम्झौता भएको ठेक्का नं. RIDO-PAL-W-NCB-128-2081/082, Upgrading of Ratamata Kathan Gaitar Pyakluk Pakkipuk Joining Road, Palpa को निर्माण कार्य अन्तर्गत उक्त सडक खण्डमा २७०० मी. पक्की नाली सहितको बाटो पिचको लागि आवश्यक सवबेस र बेस हेभी इक्युपमेन्ट प्रयोग गरी ६००० घ.मी. नदिजन्य पदार्थ निकासी गर्नका लागि निवेदन पेश गरेकोमा सो सम्बन्धमा छलफल गर्दा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको साथै यस आ.व. अन्तर्गत ठेक्कामा गएका टुटुवाघाटको स्वीकृत बोलपत्रदाता **H.L.** Construction र कोप्चेघाटको स्वीकृत बोलपत्रदाता सुनिल, अनिल, मिलन निर्माण सेवाले उक्त घाटहरुमा नदिजन्य निर्माण सामग्री उपलब्ध भएको र नदिजन्य सामग्री उपलब्ध गराउनका लागि अनुमति माग गरेकोले रामपुर नगरपालिका वडा नं. ५ मा रहेको कोप्चेघाटबाट ३००० घ.मी. र रामपुर नगरपालिका वडा नं. ६ स्थित टुटुवाघाटबाट ३००० घ.मी. निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी १५ दिनको लागि उक्त घाटहरुबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

१० निर्णय नं. १०, प्रस्ताव नं. ५ माथि छलफल गर्दा भलायटार मगर समाज रामपुर, पाल्पाको मिति २०८२/१०/१८ गतेको पत्रानुसार उक्त समाजले मिति २०८२ साल पौष २७ गते देखि माघ १ गते सम्म प्रथम माघे संक्रान्ति मेला तथा मगर खाना महोत्सव-२०८२ संचालनका लागि आर्थिक सहयोगका लागि निवेदन पेश गरेकोमा रु १,५०,०००/-(रु एक लाख पचास हजार) पर्यटन महोत्सव संचालन तथा एतिहासिक, पौराणिक र पुरातात्विक धार्मिक स्थलहरुको संरक्षण र प्रवर्धन खर्च शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

११ निर्णय नं. ११, प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | भुक्तानी पाउनेको नाम, थर | ठेगाना | विवरण | राहत लिएको रकम | शीर्षक |
|---|---|---|---|---|---|
| १. | लिला कुमारी श्रेष्ठ | रा.न.पा-८ | निजको घुडा दुखेर बिरामी भएको उपचारको लागि ठूलो धनराशी खर्च हुने आर्थिक अवस्था कमजोर | रु १७,०००/- (रु सत्र हजार मात्र) | विपद व्यवस्थापन कोष |
| २. | हिरा बहादुर मानन्धर | रा.न.पा-६ | निजको बुहारी मञ्जु मानन्धरको पाठेघरमा समस्या आइ उपचार भइरहेको घरको आर्थिक स्तर कमजोर | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ३. | तारानाथ कंडेल | रा.न.पा-६ | तिलकपुरे कुलोमा भुन पर्न गई सिंचाई सुविधामा असर पर्न गएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ४. | कमल राज भट्टराई | रा.न.पा-७ | निजको भैसीगोठमा आगलागि भई क्षति पुगेको साथै आगो निभाउने क्रममा अन्य व्यक्तिहरु घाइते भएको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ५. | शालिक राम मल्ल | रा.न.पा-१ | निजको जेठो बुबाको मृत्यु भएको काजक्रिया गर्नका लागि आर्थिक सहयोग | रु १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष |
| ६. | विष्णु माया श्रेष्ठ | रा.न.पा-८ | निज पाठेघर सम्बन्धी बिरामी भएको | रु १५,०००/- | विपद व्यवस्थापन कोष |
| ७. | श्री ठकुरी दर्शन समाज | रामपुर, पाल्पा | समाजको दोस्रो वार्षिक उत्सव एंव ३०३ औ पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस कार्यक्रम संचालन | रु २५,०००/- (रु पच्चीस हजार मात्र) | विविध खर्च शीर्षक |
| ८. | धनिशरा नेपाली | रा.न.पा-२ | निजको छोरी सोनिया नेपाली बिरामी | रु १२,०००/- | विपद व्यवस्थापन कोष |
| ९. | शोभा मल्ल | रा.न.पा-५ | निजको गोठमा आगलागी भएको साथै पराल डाडाभाटामा आगलागी भएको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | विपद व्यवस्थापन कोष |
| १०. | नरेन्द्र कुमार जर्घा अध्यक्ष, एकीकृत मगर उत्थान समाज पाल्पा | रामपुर, पाल्पा | मिति २०८२ साल फागुन १५ गतेका दिन राष्ट्रिय मगर एकता दिवस सञ्चालन हुन गइरहेकोमा आर्थिक सहयोग | रु २,००,०००/-(रु दुई लाख मात्र) | मगर दिवस कार्यक्रम खर्च |
| ११. | श्री गण्डकी बाल क्लव | रा.न.पा-३, पाल्पा | इन्टर स्कुल क्रिकेट प्रतियोगिता आयोजना गर्दा लागेको आर्थिक सहयोग बापतको रकम | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) | नगर खेलकुद कार्यक्रम(मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम |

१२. निर्णय नं. १२, प्रस्ताव नं. ५ माथि छलफल गर्दा सडक बोर्ड नेपाल, मिनभवन काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ६७८, मिति २०८२/०९/२८ को पत्रानुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि यस रामपुर नगरपालिका अन्तर्गत वडा नं. ५ अन्तर्गत रहेको सुन्दर टोल वहखोला सडक मर्मत योजना कार्यान्वयनका लागि प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ५ माथि छलफल गर्दा Asmemayara Construction Pvt.Ltd. को पत्र संख्या ०८२/०८३, चलानी नं. ६, मिति २०८२/१०/१२ गतेको पत्रानुसार यस पालिकाले आह्वान गरेको ठेक्का नं. RMO/WORK/NCB/33/082/083 Upgrading of Harit Marga Rampur-2, Palpa लाई ढलान तथा कालोपत्रे निर्माणको कार्यलाई आवश्यक पर्ने सब-बेस ७००(सात सय) घ.मी. नगरपालिकालाई राजस्व तिरी हेभि इक्युपमेन्ट प्रयोग गरी निर्माणजन्य सामग्री उपलब्ध गराइदिनुहुन भनी लेखि आएकोमा सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका अन्तर्गत भलायटारघाट रा.न.पा-२ र ३ बाट सोहि परिमाणमा निर्माणजन्य सामग्री प्रयोग गर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

१४. निर्णय नं. १४, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ६ निवासी दामोदर ढकालले मिति २०८२/१०/१४ गतेको पत्रानुसार पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ६ तिलकपुरमा बाटो मर्मतको लागि ९०-१०० ट्रिप, ट्र्याक्टर गिट्टी आवश्यक परेको हुँदा रामपुर नगरपालिका ६ बहखोला (बरुणेश्वर मन्दिर) घाटबाट गिट्टी निष्काशन गर्न आवश्यक सहजीकरण गरिदिनुहुन भनी लेखी आएकोले सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुँदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय अध्ययन(IEE) भएको रामपुर नगरपालिका अन्तर्गत वहखोला रामपुर ५ र ६, (बरुणेश्वर मन्दिर) क्षेत्र सरसफाई समेत गर्नुपर्ने भएकोले सो स्थानबाट सोहि परिमाणमा निर्माणजन्य सामग्री प्रयोग गर्ने साथै मन्दिर तथा संरचनाहरुलाई असर नपर्ने गरी यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरी उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेख साथै उक्त मन्दिर समितिसँगको सहकार्य गर्ने गरी उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८२/०८३ अन्तर्गत यस नगरपालिका क्षेत्रभित्र विनियोजन भएका तपसिल बमोजिमका योजनाहरुको कार्यान्वयन उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

तपसिलः

१) ज्याग्दी पार्क निर्माण, रा.न.पा.-६

२) फोहोर प्रभावित क्षेत्रका मोटर बाटो स्तरोन्नती, रा.न.पा.-५

३) नगरपालिका अगाडिको शिव मन्दिर निर्माण, रा.न.पा.-५

४) सिमलघारी बसपार्क देखि बाँझोबारी जाने बाटो मो.बा. स्तरोन्नती, रा.न.पा.-५

५) हडयानी खोल्सी माटो फिलिङ्ग तथा नाली निर्माण, रा.न.पा.-५

६) बेझाङ तल्लोचोक कल्भर्ट निर्माण, रा.न.पा.-५

१६. निर्णय नं. १६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा डायमण्ड कन्स्ट्रक्सन प्रा.लि., टोखा-८, काठमाडौंका ठेक्का निर्माण प्रतिनिधि कृष्ण प्रसाद रेग्मीले मिति २०८२/१०/१४ गतेको पत्रानुसार पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ५ को राङभाङ सिंचाई कुलो निर्माण, पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ३ को अमौली कुलो निर्माण, सदावर्त ददरानटार नाली निर्माण रा.न.पा-४, हेक्लाङ्ग बाटोमा तारजाली भर्ने योजना, रा.न.पा-१० का लागि ढुङ्गा, गिट्टी, बालुवा आवश्यक भएकोले निकासीका लागि निवेदन पेश गरेकोमा नियमानुसार राजश्व तिर्ने गरी मठार घाट, रा.न.पा-३ बाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा मठार घाट रा.न.पा-३ बाट ७५ ट्रिप, बर्दीघाट रा.न.पा-१० बाट २५ ट्रिप ढुङ्गा, गिट्टी, बालुवाप्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।